फोन नं. ०३७-६२००७५

# चिशंखुगढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सेर्ना, ओखलढुंगा

१ नं. प्रदेश, नेपाल

पत्र संख्या: २०७६/०७७
चलानी नं.: ११३८

मिति : २०७७/०२/०६

श्री सम्पूर्ण सरोकारवालाहरु
चिशंखुगढी गाउँपालिका ओखलढुंगा।

**विषय: बन्दाबन्दीको आन्तरिक व्यवस्थापन सम्बन्धमा।**

प्रस्तुत विषयको सम्बन्धमा विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को कारण विश्व मानव समुदाय आक्रान्त बनिरहेको विद्यमान परिस्थितिमा यस प्रकारको भाइरसको प्रतिकूल प्रभावबाट मानव एवं मानवीय स्वास्थ्य जस्तो संवेदनशील विषयमा प्रत्यक दिन गम्भीर चुनौती थपिएको छ। भइरसको महामारी लाई रोकथाम तथा नियन्त्रण गर्नका लागि नेपाल सरकारले विगत २०७६।१२।११ गते देखि लागू हुने गरी घोषणा गरेको बन्दाबन्दी हाल सम्म पनि कायम नै छ। विश्वमा दिन प्रति दिन कोरोना भाइरस (कोभिड-१९) को संक्रमण ज्यामितीय अनुपातमा बढ्दै गएको तथा नेपालमा पनि तीव्ररुपमा संक्रमितको संख्या बढी रहेको र मानवीय क्षति समेत भईरहेको सन्दर्भमा चिशंखुगढी गाउँ कार्यपालिकाको मिति २०७७।०२।०५ को निर्णयानुसार कोरोना भाइरस (कोभिड-१९) को सम्भावित जोखिम रोकथाम तथा न्यूनीकरणका लागि बन्दाबन्दीलाई थप प्रभावकारी रुपमा कार्यान्वयन गर्न चिशंखुगढी गाउँपालिकाको क्षेत्र भित्र बन्दाबन्दीको आन्तरिक व्यवस्थापनलाइ चुस्त बनाउन तपसिल बमोजिमको निर्णय गरेको हुँदा सोही बमोजिम गर्न गराउन सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीका लागि अनुरोध छ।

**<u>तपसिल</u>**

१. गाउँपालिकाको क्षेत्र भित्र प्रवेश गर्ने व्यक्तिहरुको तथ्यांक सम्बन्धित वडाले लिने र अनिवार्य रुपमा सोको जानकारी गाउँपालिकामा गराउनु पर्ने।
२. गाउँपालिकाले आवश्यक जनशक्ति परिचालन गरी बन्दाबन्दीको पालना गर्न गराउन सूचना सम्प्रेषण गर्ने।
३. गाउँपालिका क्षेत्र भित्रका अनावश्यक आन्तरिक आवतजावतहरुलाई न्यूनीकरण गर्न प्रत्येक वडाले अत्यावश्यक कामका लागि मात्र एउटा वडाबाट अर्को वडामा आवतजावत गर्नका लागि व्यवस्था मिलाउनु पर्ने अन्यथा वडाको सिफारिश बीना आवतजावत गर्न नपाइने।
४. अन्य स्थानीय तहबाट यस गाउँपालिका क्षेत्र भित्र हुन सक्ने अनावश्यक आवतजावतहरुलाई रोक्न यस चिशंखुगढी गाउँपालिकाका ***(सिलौरी घाट नाका- वडा नं.०१ ,रबुवा घाट नाका- वडा नं.०३, आपधारा-बेलबोटे-खानीभञ्ज्याङ सडक खण्ड नाका- वडा नं.०३, रुम्जाटार-माम्खा सडक खण्ड नाका-०८, ओडारे- ठोट्ने खोला सडक खण्ड नाका- वडा नं. ०७, सोलाघार नाका- वडा नं. ०७, निशंखे-रबुवा सडक खण्ड नाका- वडा नं. ०६ र चिसापानी नाका- वडा नं.०५)*** नाकाहरुमा प्रत्येक वडाले नागरिक, जनप्रतिनिधि, शिक्षक तथा कर्मचारीहरुलाई आवश्यकताका आधारमा परिचालन गरी प्रति दिन प्रत्येक नाकामा ३(तीन) जनाको दरले जनशक्ति राखी रेखदेख गर्ने व्यवस्था मिलाई बन्दाबन्दीलाई कडाईका साथ पालना गर्ने गराउने।
५. बन्दाबन्दीको पालना भए नभएको विषयमा सम्बन्धित सरोकारवाला निकायहरु एवं सुरक्षाकर्मीको समन्वयमा गाउँपालिकाले निरन्तर अनुगमन गर्ने।
६. बन्दाबन्दीको पालना नभएको पाईएमा प्रचलित कानून बमोजिम कार्वाही गर्ने।

***पुनश्च: सम्भावित संक्रमणको जोखिमलाई मध्यनजर गर्दै गाउँपालिकाले हाल भइरहेको क्वारिन्टिन व्यवस्थापनको क्षमतालाई अभिबृद्धि गरी ५०(पचास) शैयामा विस्तार गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ।***

**<u>वोधार्थ:</u>**
श्री सूचना प्रविधि शाखा:- कार्यालयको वेभसाईटमा अपलोड गरिदिनु हुन।

२०७७।०२।०६
ओम बहादुर दनी
प्रमुख प्रशासकीय अधिकृत